# ताइवान–अमेरिका घनिष्टताबाट किन क्रुद्ध हुन्छ चीन ?



ताइवानका उपराष्ट्रपति विलियम लायी अगस्ट १५ मा पाराग्वेको कूटनीतिक भ्रमणमा जाँदा र फर्किंदा अमेरिकालाई ट्रान्जिट बनाए। यस घटनाले चीन क्रुद्ध बन्यो। लायी ताइपेई ओर्लिएको एक दिनपछि अगस्ट १९ बाट चीनले ताईवान वरपरको क्षेत्रमा सैन्य अभ्यास सुरु गर्‍यो । ताइवान र अमेरिकाले लायीको अमेरिकी ट्रान्जिट नियमित प्रक्रिया भएको बताउदाँ बेइजिङले भने लायीको अमेरिका भ्रमण ताइवानको 'स्वतन्त्रता'को समर्थन वृद्धि गर्ने र आगामी निर्वाचनमा लाभ खोज्ने उनको 'बेइमान चाल' भएको टिप्पणी गर्‍यो। लायी आगामी वर्ष जनवरीमा हुने राष्ट्रपति चुनावका लागि सत्तारुढ डेमोक्र्याटिक पार्टीको राष्ट्रपति उम्मेदवार हुन्।

ताइवान चीनको सत्तारुढ कम्युनिस्ट पार्टी र चिनियाँ राष्ट्रपति सी जिनपिङका लागि संवेदनशील मुद्दा रहँदै आएको छ। सन् १९४९ मा माओत्सेतुङको नेतृत्वको कम्युनिस्ट पार्टीसँग गृहयुद्धमा हारेपछि पराजित चीनको राष्ट्रवादी सरकार भोगेर ताइवानमा सर्‍यो। त्यसयता सो टापु स्वशासित रहँदै आएको छ। तर, जनवादी गणतन्त्र चीनले ताइवान आफ्नो भूमि भएको दाबी गर्दै आएको छ। चीनले ताइवानलाई नियन्त्रणमा लिन बल प्रयोगको सम्भावनालाई नकारेको छैन। चीनले बारम्बार अमेरिकी अधिकारीलाई ताइवानी नेताहरूसँग अन्तर्क्रिया नगर्न वा तिनलाई कुनै पनि बहानामा अमेरिका प्रवेशको अनुमति नदिन आग्रह गर्दै आएको छ।

### ताइवान–अमेरिका सुमधुर सम्बन्ध

सन् १९७९ मा अमेरिकाले ताइपेईस्थित सरकारसँग सम्बन्ध तोड्दै बेइजिङ सरकारलाई आधिकारित चीनको मान्यता दियो। त्यसयता ताइवानसँगको अमेरिकी सम्बन्ध 'ताइवान रिलेसन एक्ट'द्वारा निर्देशित छ, जसअनुसार वासिंटनले ताइवानलाई प्रतिरक्षाका लागि आवश्यक साधन उपलब्ध गराउने कानुनी आधार दिन्छ। तथापि सो एक्टले आक्रमण गरेको समयमा अमेरिकालाई ताइवानको प्रतिरक्षामा उत्रिने अधिकार प्रदान गरेको छैन। तर, वर्तमान अमेरिकी राष्ट्रपति जो बाइडेनले विभिन्न अवसरमा ताइवानको रक्षा गर्न बल प्रयोग गर्ने टिप्पणी गरिसकेका छन्।

### ताइवान–बेइजिङ कटु सम्बन्ध

समय क्रममा ताइवान स्वतन्त्रता बनाउने पक्षमा रहेको सत्तारुढ डेमोक्र्याटिक पार्टीले ताइवानको विषयमा निर्णय गर्ने अधिकार त्यहाँको जनतासँग मात्र भएको बताउने गरेको छ। तथापि ताइवानको प्रमुख विपक्षी दल कोमिन्ताङले भने ताइवानलाई कुनै न कुनै रूपले चीनको हिस्सा बनाउनुपर्ने संकेत गर्ने गरेको छ। ऊ हङकङमा लागू भएजस्तो 'एक देश, दुई प्रणाली'प्रति सकारात्मक देखिन्छ।


> चीनले बारम्बार अमेरिकी अधिकारीलाई ताइवानी नेताहरूसँग अन्तर्क्रिया नगर्न वा तिनलाई कुनै पनि बहानामा अमेरिका प्रवेशको अनुमति नदिन आग्रह गर्दै आएको छ।

चीनले पछिल्लो समय ताइवानलाई कुटनीतिक रुपमा एक्ल्याउने नीति लिएको छ। हाल विश्वका १३ देशले औपचारिक रूपमा ताइवानलाई देशको मान्यता दिएका छन्। सन् २०१६ मा वर्तमान डेमोक्र्याटिक पार्टीकी राष्ट्रपति साई इङ-वेन सत्तामा आएदेखि नौ देशले भने ताइवानसँगको सम्बन्ध तोडेर चीनसँग सम्बन्ध गाँसिसके। चीनले वर्तमान राष्ट्रपति साईलाई पृथकतावादीको रूपमा हेर्छ। साईले चीनसँगको तनाव कम गर्न वार्ताका लागि गरेको आह्वानलाई बेइजिङले अस्वीकार गर्दै आएको छ। साईले आफूहरूले शान्ति चाहेको भए पनि आक्रमण भए प्रतिरक्षामा उत्रिने बताएकी छिन्। चीनले साई सत्तामा आएदेखि सबै औपचारिक वार्तालाप बन्द गरेको छ।

- एजेन्सीबाट

## पहिलोपटक भेटियो मस्तिष्कमा जिउँदो किरा

**क्यानबेरा**/ विश्वमा पहिलोपटक अस्ट्रेलियाकी एकजना महिलाको मस्तिष्कमा जिउँदो किरा भेटिएको छ। आठ सेन्टिमिटर लामो रातो रंगको गँड्यौलाजस्तो देखिने उक्त किरा ती महिलाको टाउकोको शल्यक्रिया गरेर गत वर्ष निकालिएको उपचारमा संलग्न चिकित्सकले बताएका छन्। मस्तिष्कमा जिउँदो किराका कारण ती महिलामा टाउको दुख्ने, रातको समयमा पसिना आउनेदेखि डिप्रेसनजस्ता समस्या देखिएका थिए। त्यस्तै उनले पछिल्लो समय ससना कुरा पनि बिर्सिँदै जान



थालेकी थिइन्। ती महिलाको मस्तिष्कमा दुई महिनादेखि सो किरा बसिरहेको हुन सक्ने चिकित्सकहरूले अनुमान गरेका छन्।

यस्ता किरा प्रायः अस्ट्रेलियामा पाइने 'कार्पेट पाइथन' नामको सर्पको प्रजातिमा पाइने अनुसन्धाताले बताए। वैज्ञानिकहरूले तालको छेउमा बस्ने ती महिलाले तालवरपरको सागसब्जी खाने क्रममा सो किरा उनको शरीर र पछि मस्तिष्कमा पुगेको हुन सक्ने बताएका छन्। सागसब्जीमा सर्पको बिस्टा वा किराको अन्डा रहेको र महिलाले तिनको सेवन गर्दा ती शरीरमा प्रवेश गरेको आकलन गरिएको छ। ती महिलाको शल्यक्रियापछि स्वास्थ्यमा राम्रो सुधार भएको पनि चिकित्सकले बताए।


## भ्रष्टाचार मुद्दामा खानलाई राहत

**इस्लामाबाद**/ भ्रष्टाचार मुद्दामा दोषी ठहरिएका पाकिस्तानी पूर्वप्रधानमन्त्री इमरान खानलाई देशको एक अदालतले धरौटीमा रिहा गर्न आदेश दिएको छ।

इस्लामाबाद उच्च अदालतले पाकिस्तान तहरिक-ए-इन्साफका अध्यक्षलाई धरौटीमा रिहा गर्न आदेश दिएको हो। तल्लो अदालतले खानलाई प्रधानमन्त्री हुँदा राष्ट्रको नाममा प्राप्त भएको उपहार बेचेकोलगायत मुद्दामा दोषी ठहर गर्दै तीन वर्षको जेल सजाय सुनाएको थियो। सो फैसलाको कारण खानले पाँच वर्षका लागि आमनिर्वाचनमा उम्मेदवार पाउँदैनथे। मुख्य न्यायाधीश आमिर फारुक र न्यायाधीश तारिक महमुद जहाँ-गिरीको इजलासले इस्लामावादको ट्रायल कोर्टको निर्णय उल्ट्याएको हो। तथापि सत्तरी वर्षीय खानलाई अर्को 'साइफर मुद्दा'को सुनुवाइ चलिरहेकाले पुनः पक्राउ गरिएको छ।

## इतिहासमा आज

अगस्ट ३०





**सन् १९१८ :** रुसी नेता भ्लादिमिर लेनिनको हत्या प्रयास। अक्टोबर क्रान्तिपछि आफ्नो पार्टी प्रतिबन्धित भएबाट आक्रोशित समाजवादी क्रान्तिकारी पार्टीकी सदस्य फ्यानी कप्लानले लेनिनमाथि आक्रमण गरेकी थिइन्। गम्भीर चोटका बाबजुद लेनिन बाँच्न सफल भए। कप्लानलाई सोही वर्ष सेप्टेम्बर ३ मा मृत्युदण्ड दिइयो।

**सन् १९६३ :** शीतयुद्धको समयमा दुई प्रतिद्वन्द्वी महाशक्तिबीच भूलवश युद्ध भड्किन सक्ने सम्भावनालाई रोक्न आजकै दिन अमेरिकी रक्षा मन्त्रालय पेन्टागन र सोभियत शक्ति केन्द्र क्रेमलिनबीच सीधा टेलिफोन सेवा (हटलाइन सञ्चार लिंक) स्थापना गरियो।

**सन् १९७९ :** पहिलोपटक पुच्छ्रेतारा सूर्यमा ठोक्किएको घटना रेकर्ड। होवार्ड-कुमुर-माइकल्स नामक पुच्छ्रेतारा सूर्यमा ठोक्किँदा १० लाख हाइड्रोजन बमबराबर ऊर्जा उत्सर्जित भएको थियो।

**सन् १९९५ :** केबल न्युज नेटवर्क (सिएनएन) इन्टरनेटमा जोडियो।


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशु प्रजनन् कार्यालय
नेपालगञ्ज, गौघाट, बाँके

**बोलपत्र आव्हानको सूचना**

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०५/१३

यस कार्यालयबाट तपसिल बमोजिमको खरिद कार्यमा संलग्न हुन इच्छुक फर्म/संस्था/कम्पनीले देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको विद्युतिय बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | खरिदको किसिम | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र जमानत रु | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| NLBO-N/NC-B/Goods/ 2080-081-01 | Supply & Delivery of Liquid Nitrogen | विद्युतिय बोलपत्र | सूचना प्रकाशन मितिले ३१ औ दिनको १२:०० बजे सम्म | सूचना प्रकाशन मितिले ३१ औ दिनको १४:०० बजे | १,८०,०००।०० | ३,००० |

तपसिल

१. बोलपत्र सम्बन्धि शर्तहरु सम्बन्धित बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ।
२. बोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको (कोड नं. ३१२०२५७०२) रा.बा. बैङ्क नेपालगन्जमा रहेको बैङ्क खाता नं. १०००१००२०००१०००० र राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गर्नुपर्नेछ।
३. बोलपत्र जमानत वापतको रकम कोष तथा लेखा नियन्त्रण कार्यालय, बाँकेको नाममा राष्ट्रिय बाणिज्य बैङ्क, नेपालगञ्ज स्थित धरौटी खाता नं. ४१३०१००१०२०३०००० मा नगद जम्मा गरेको सक्कलै बैङ्क भौचर वा प्रचलित कानून बमोजिम बैङ्क ग्यारेन्टी गर्न इजाजत प्राप्त बाणिज्य बैङ्क/वित्तिय संस्थाबाट बोलपत्र खोलेको मितिबाट कम्तिमा १२० दिन सम्म मान्य अवधि रहेको बैङ्क जमानत (बैङ्क ग्यारेन्टी) संलग्न हुनु पर्नेछ।
४. बोलपत्र सम्बन्धि सम्पूर्ण कार्य विद्युतिय प्रणालिबाट मात्र हुनेछ र शर्त राखि वा रित नपुगि पेश भएका बोलपत्रहरु स्विकार गरिने छैन।
५. यस सम्बन्धि बिस्तृत विवरणको लागि www.bolpatra.gov.np/egp वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
६. बोलपत्र सम्बन्धि अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ।



**Invitation for Bids**

Government of Nepal Ministry of Health & Population
GP Koirala National Center For Respiratory Diseases
Dulegauda, Tanahun, Nepal

Invitation Of Bids for the **Purchase of Surgical Items for Hospital Pharmacy**
Contract Identification No: GPKNCRD/GOODS/NCB/03/2080-081
Date of publication: 2080/05/13

1. The GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal invites electronic bids from eligible bidders for Purchase of Surgical Items for Hospital Pharmacy procedures as specified in Public Procurement Act and Regulations.
2. The bidder may submit the bid for entire package as mentioned in BOQ. Evaluation will be done package by package basis, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.
3. Bidder have the option of submitting their bid electronically only. Submission of hard copy bid shall not be entertained. Bidder can down load the bidding document for e-submission from PPMO's web site **www.bolpatra.gov.np/egp.** Bidder must submit application attaching copies of company/firm registration certificate, VAT Registration and Tax clearance certificates of FY 078/79 electronically and should deposit the non- refundable fee of **NRs. 3000.00** as the cost of bidding document in **Nepal Bank Ltd. Damauli, Tanahu's Inland Revenue office Damauli ( Cash Deposit form of 4 Pages Ko.le.ni.ka vauchar)** account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Informationto deposit the cost of bidding document in bank.

   Office Name **: Inland Revenue Office Damauli ( Aantarik Rajaswa karyalaya, Damauli)**
   Name of the Bank: **Nepal Bank Ltd. Damauli, Tanahu**
   Office Account no.**: 00101000000001001001**
   Office Code no.**: 14229**
   If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in **(DHARAUTI KHATA) : 06001000002003000001 Nepal Bank Ltd. Damauli, Tanahu,** Office Code no.**: 370003801,** Office Name **: KA2.3 -KO LE NI KA TANAHU DHARAUTI KHATA ( Cash Deposit form of 4 Pages Ko.le.ni.ka vauchar) (G.P Koirala National Centre for Respiratory Disease) and submit bank deposit voucher along with the bid.** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security mentioned in the above table which shall be valid for 30 days beyond the validity period of bid.
4. Pre bid meeting NA.
5. Electronic bids must be submitted to GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal through PPMO website: **www.bolpatra.gov.np/egp.** before **12:00 PM on 31th days** of publication of the notice**.** Bids received after this deadline will be rejected. Bidders are requested to follow the electronic bid submission procedure as specified in e-GP system Operating Guideline 2073 and user manuals issued by PPMO which are available in e-GP system.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 pm at 31th** days of bid publication notice at the office of GP Koirala National Center for Respiratory Diseases Dulegauda, Tanahu.
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from theoriginal bid submission deadline.

| S. No. | Contract Identification No: | Description ofPackage | Estimated amount without VAT (Nrs) | Bid Security(Nrs) | DocumentForm Fee (Non Refundable) Nrs |
|---|---|---|---|---|---|
| 1. | GPKNCRD/GOODS/ NCB/03/2080-081 | Purchase of Surgical Items for Hospital Pharmacy | Rs 5130490/- | 155000/- | 3000/- |

**Hospital Chief**
**GP Koirala National Center for Respiratory Diseases**
**Dulegauda, Tanahun**



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
तारा गाउँ विकास समिति

**सिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति २०८०।५।१३

यस समितिबाट मिति २०८०।४।२६ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा चमेनागृह संचालनका लागि आवश्यक भान्छा सामग्री खरिद कार्य गर्न सिलवन्दी दरभाउ पत्र आव्हान गरिएकोमा तोकिएको म्याद भित्र पर्न आएका दरभाउ पत्रहरु मध्ये तपसिल बमोजिमको दरभाउ पत्रदाताले पेश गरेको दरभाउ पत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्याङ्कित समेत भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना सम्वन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं. | ठेक्का नं. तथा विवरण | दरभाउ पत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | 01/TGDB/2080/081-Procurement, Supply, Delivery and Installation of Kitchen Equipment | J & J Traders Pvt. Ltd. Shankhamul, Ktm. | १६,२५,२२४.०० |



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय डडेल्धुराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०८०/०५/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय डडेल्धुराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

**ऋणीको विवरण:**
खुइते टमोटाको नातिनि, बहादुर टमोटाको छोरी, राज बहादुर कामीको पत्नी, डडेल्धुरा जिल्ला बगरकोट गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. ०४, बस्ने **लक्ष्मी देवी कामी**.(ना.प्र.नं. ५१०/४३००, जारी मिति: २०४५/०२/२६ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**
१. मनुवा कामीको नाति, डुलुवा कामीको छोरा, सुना देवी कामीको पति, डडेल्धुरा जिल्ला बगरकोट गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, भागेश्वर गा .पा. वडा नं. ०४बस्ने **पदमे कामी** (ना.प्र.नं. १९१६, जारी मिति: २०४३/०९/१३ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा)।
२. डुलुवा कामीको नाति, पदमे कामीको छोरा, लक्ष्मी देवी कामीको पति, डडेल्धुरा बगरकोट गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. ०४, बस्ने, बस्ने **राज बहादुर कामी** (ना.प्र.नं. १७९, जारी मिति: २०५१/०९/०१ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा)।

**धितो सुरक्षणको विवरण :**
१. **लक्ष्मी देवी कामी**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, घटाल गा.वि.स वडा नं. ०५ स्थित कित्ता नं. २६५ को क्षेत्रफल ०-३-०-०(रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय डडेल्धुरा, फोन नं. ०९६-४२०४२४